लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

कर्पोरेट कार्यालय, स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौ
फोन : ०१-४०१२६१३, ०१-४०१२६१४, www.licnepal.com.np

# १८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

शेयरधनी महानुभावहरु,

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको १०९औं संचालक समितिको निर्णय अनुसार यस कम्पनीको १८औं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका उल्लेखित विषयहरु उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुँदा सवै शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) सभा हुने मिति, समय र स्थान :

मिति : २०७७ साल फाल्गुण २५ गते मंगलवार (तद्नुसार ९ मार्च, २०२१)

समय : विहान १०.३० बजेबाट शुरु ।

रजिष्ट्रेशन : विहान ९.३० बाट शुरु ।

स्थान : एलआईसी शिक्षालय हल, नक्साल, काठमाण्डौ ।

(कोभिड-१९ महामारी जोखिमका कारण साधारणसभामा भिडियो कन्फ्रेन्स (Video Conference) मार्फत सहभागी हुन शेयरधनी महानुभावहरुलाई Zoom ID/ Password उपलब्ध गराईने व्यवस्था गरिएको छ ।)

छलफलका विषयहरु :

(ख) साधारण प्रस्तावहरु :

(१) अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०७५/०७६ प्रस्तुत गरी अनुमोदन गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७५/०७६ को वासलात, आय-व्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ( मदन निरौला एण्ड कम्पनीका चार्टड एकाउन्टेन्ट श्री मदन निरौला पून: नियुक्तिको लागि योग्य हुनुहुन्छ । )

(४) संचालक समितिबाट प्रस्तावित ०.५२६३१६७९०% नगद लाभांस पारित गर्ने (बोनस शेयरको कर प्रयोजनार्थ) ।

(५) सर्वसाधारण शेयरधनीतर्फ १ जना सञ्चालकको निर्वाचनबाट चयन गर्ने ।

(५) संस्थापक शेयरधनीतर्फबाट नियुक्त सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने ।

(ग) विशेष प्रस्तावहरु :

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजीको १०% बोनस शेयर पारित गर्ने । साथै, कम्पनीको हालको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी शीर्षकहरु प्रत्येकमा रहेको रु. २,०१,००,००,०००/- लाई बृद्धि गरी रु. २,२१,१०,००,०००/- कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने । बोनस वितरणपछि कायम हुन आउने दशमलवपछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

(२) पूँजी बृद्धि सम्बन्धमा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

(३) कम्पनीका प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, आदि) ले आवश्यक सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(४) संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को निर्देशन नं. १२(२) बमोजिम प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक अनुमोदन गर्ने ।

(घ) (१) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरु ।

## साधारण सभा सम्बन्धी थप जानकारी

१. यस १८औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७/११/७ गतेदेखि २०७६/११/२५ गतेसम्म बीमकको शेयर दाखिला खारेजको काम बन्द रहनेछ । मिति २०७७/११/०७ गतेभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. वा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा शेयर कारोबार भई सोको ७ कार्य दिनभित्र यस बीमकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट एण्ड बैकिङ्ग लि.मा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा प्रचलित नियम बमोजिम कायम शेयरधनीले मात्र साधारण सभामा भाग लिन र मतदान गर्न सक्नेछन् । नेपाल स्टक एक्सचेन्जमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरको आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लिखित मितिभित्र शेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ ।

२. शेयरधनी महानुभावहरुलाई कम्पनीको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ । कोरोना भाईरस (कोभिड १९) को महामारी रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट जारी गरिएको स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरुको सम्मान एवं परिपालना गर्दै अनलाईन भर्च्युअल (Video Conference) माध्यमबाट सभामा सहभागि हुन र आफ्नो मन्तव्य राख्न सक्ने व्यवस्था समेत मिलाईएको हुँदा कोभिड-१९ को संक्रमणबाट बच्न र बचाउन अनलाईन भर्च्युअल (Video Conference) उपस्थितिको माध्यमबाट सभामा सहभागि भई दिनु हुन शेयरधनी महानुभावहरुमा विशेष अनुरोध छ ।

३. अनलाईन भर्च्युअल (Video Conference) माध्यमबाट सभामा सहभागि हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न शेयरधनी महानुभावहरुले सभा हुन भन्दा कम्तिमा ४८ घण्टा अगावै आफ्नो परिचय पत्र सहित बीमकले जारी गरेको शेयर प्रमाणपत्र/डिम्याट खाता खोलिएको प्रमाणपत्रको स्क्यान कपी समावेश गरी ईमेल ठेगाना binodshree@gmail.com वा मोवाईल नं. ९८५११४६८०९ मा Viber मा पठाउनु पर्नेछ । यसरी प्राप्त भएको ईमेल वा Viber मार्फत अनलाईन भर्च्युअल (Video Conference) माध्ययमबाट सभामा सहभागि हुनको लागि Meeting ID र Password उपलब्ध गराईनेछ । सभामा आफ्नो लिखित मन्तव्य दिन चाहने शेयरधनीहरुले माथि उल्लिखित इमेल मार्फत दिन सक्ने व्यवस्था मिलाईएको छ ।

४. सभा शुरु हुनुभन्दा १ घण्टा अगाडिबाट Online Login खुल्ला गरिने छ । उक्त १ घण्टा समय भित्र सभामा सहभागी शेयरधनीहरुले दिईएको Meeting ID र Password को माध्यमबाट Online Login गरी सभामा उपस्थिति हुनुपर्ने छ । यसरी भएको उपस्थितिलाई पनि सभा स्थलमा उपस्थित भए अनुसार मान्यता दिईनेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपुरक संख्या पूरा भए पश्चात् सभाको कामकारवाही अगाडि बढाईने छ ।

५. नावालक वा होस ठेगानमा नरहेको शेयरधनीको तर्फवाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न र प्रतिनिधि नियुक्त गर्न समेत सक्नेछन् । शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ । संयुक्त रुपमा शेयर खरिद गर्ने शेयरधनीको हकमा शेयर लगतमा जसको नाम पहिला उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त शेयरधनीको सर्वसहमतिबाट आफूहरुमध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नुहुनेछ ।

६. साधारणसभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी ऐनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै बीमकको कर्पोरेट कार्यालय, स्टार मल, पुतलीसडकमा कार्यालय समयमा दर्ता गरी सक्नु पर्नेछ । बीमकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

तर, प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले आफुले अगाडि दिएको प्रतिनिधी (प्रोक्सी) बदर गरेको स्पष्ट उल्लेख गरी निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।

७. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई तोकिएको समय भित्र हाजिरी किताबमा दस्तखत गरी सभामा भाग लिएमा अगाडि दिएको प्रोक्सी स्वतः बदर भएको मानिनेछ ।

८. यस बीमकको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले यस बीमकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि ( प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी प्रतिनिधी (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन् ।

**९.** छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत लिखितरुपमा सञ्चालक समितिको अध्यक्षलाई जानकारी दिनुपर्नेछ ।

१०. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुका सम्वन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले उत्तर दिइनेछ ।

११. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बीमकको कर्पोरेट कार्यालय स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

नोट : आ.ब. २०७५/०७६ को वार्षिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले यस कर्पोरेशनको कर्पोरेट कार्यालय, स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौमा आई निरीक्षण गर्नसक्ने व्यहोरा सूचित गरिन्छ ।

............................................
सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव